# सिंजा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# नराकोट जुम्ला

कर्णाली प्रदेश नेपाल।

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला

पत्र संख्या.:- २०८२/०८३

चलानी नंम्बर:- १४६५

मितिः- २०८३/०१/०७

ने.सं.११४६

श्री विद्यालय सबै,
सिंजा गाउँपालिका ,जुम्ला ।

**विषयः विद्यालय सञ्चालन तथा नियमित पठनपाठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ६७,मिति २०८२/१२/२६ को प्राप्त पत्रानुसार २०८३ को भर्ना अभियान बैशाख १५ गतेबाट सुरु गर्ने र बैशाख २१ गतेबाट पठनपाठन सुरु गर्ने भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र २२ को निर्णय साथै २०८२ चैत्र २३ देखि सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा शनिबार तथा आइतबार २ दिन सार्वजनिक बिदा दिने निर्णय भएको सन्दर्भमा नेपाल सरकारले तत्कालै इन्धनको प्रयोग घटाउने उद्देश्यका साथ प्राप्त परिपत्रलाई आत्मसाथ गर्दै, नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहलाई प्रदान गरेको आधारभुत तथा माध्यमिक शिक्षाको व्यवस्था सम्बन्धि एकल अधिकार स्थानीय तहमा रहेको हुनाले यस सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३ बैशाख ७ गतेको निर्णयानुसार स्थानीय स्तरमा विद्यालय सञ्चालन गर्दा इन्धनमा कुनै चाप नपर्ने तथा पाठ्यक्रमले तोकेबमोजिम शैक्षिक उपलब्धि हासिल गर्नका लागि आइतबार समेत विद्यालय नियमित रुपमा सन्चालन गर्ने साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्राप्त पत्र अनुसारकै शैक्षिक गतिविधि लगायताका विभिन्न रचनात्मक र प्रवर्धनात्मक शैक्षिक कार्यक्रमहरु तपसिल बमोजिम गर्नुका साथै मिति २०८३ बैशाख ८ गते देखि विद्यालमा नियमित पठनपाठन सुचारु गर्ने निर्णय कार्यान्वयनका लागि सम्बन्धित सम्पूर्ण प्रधानाध्यापक,शिक्षक,विद्यार्थी,अभिभावक तथा शैक्षिक सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | शैक्षिक कार्यक्रमहरु | कार्य गर्ने |
|---|---|---|
| १ | शैक्षिक सत्र २०८३ को कार्ययोजना निमार्ण | मिति २०८३/०१/०८ गते देखि ११ गतेसम्म सम्पन्न गरी मिति २०८३/०१/१२ गते पालिका पेश गर्नुपर्ने । |
| २ | वार्षिक कार्यतालिका,शैक्षणिक योजना निर्माण/तयार गर्ने | |
| ३ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने | |
| ४ | शिक्षकको पेशागत क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धि योजना निर्माण गर्ने | |

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा, Websiteमा upload गरिदिनु हुन ।

२०८३/०१/०७

पूर्ण प्रसाद धिताल
अध्यक्ष

www.sinjamun.gov.np ito.sinjamun@gmail.com